**P.B.K.P & Associates**
**Chartered Accountants**
PAN:-615976549
Firm Reg No.: 971

Sohrakhutte, kathmandu-16
+977-9806798031
pbkp.ca@gmail.com
www.pbkpassociates.com.np

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले यसै साथ संलग्न **श्री नवसृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चावहिल, काठमाण्डौं को** ३१ असार २०७८ को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, ने्

गद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**हाम्रो राय,**

तल बुदा नं. १ देखि ४ सम्म लेखिएका कुराहरु तथा त्यसबाट वित्तीय विवरणहरुमा पर्ने असर बाहेक हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरु लेखासँग सम्बन्धित टिप्पणीहरुका साथ अध्यन गर्दा, ३१ असार २०७८ को आर्थिक स्थिति तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा विगतका नेपाल लेखामान बमोजिम तथा अन्य कानुनी आवश्यकता बमोजिम समुचित तथा यथार्थ चित्रण गर्दछ ।

१ **संस्थाले सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, नियमावली, २०६६ र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ मा भएका व्यवस्थाहरु अनुसार सदस्यको सदस्यहरुको कारोवार जोखिम समेत वर्गिकरण गर्नुपर्ने देखिन्छ र सम्बन्धीत निकायमा पेश गर्नुपर्ने प्रतिवेदनहरु पेश गर्दा शंकास्पद कारोवारको विवरण समेत पेश गर्नुपर्ने देखिन्छ ।**

२ **संस्थाले स्थिर सम्पत्तिको ह्रास कट्टी आयकर ऐनले तोकेको दर अनुसार ह्रास कट्टी गरेकोमा नेपाल लेखामान ०६ अनुसार सम्पत्तिको आयु अनुसार गर्नुपर्नेमा त्यसो नभएको पाइयो ।**

३ **संस्थाको लगानीमा रहेका सम्पुर्ण कर्जाहरुलाई सहकारी विभागबाट जारी निर्देशन अनुसार असल, शंकास्पद र खराब कर्जामा वर्गिकरण गरी क्रमशः १%, ३५% र १००% ले कर्जा जोखिम कोषको व्यवस्था गर्नुपर्नेमा त्यसो नभएको पाइयो ।**

४ संस्थाले नगद सुरक्षाका लागि काउन्टर र भल्ट बीमा व्यवस्था गरेको पाइयो ***तर मार्गस्थल नगदको बीमा गरेको पाइएन ।***

**रायका आधारहरु,**

लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो रायका लागि पर्याप्त तथा उचित आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**आर्थिक विवरण र सुशासनप्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता **(Going Concern)** कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रकियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरू सम्पूर्ण वित्तीय विवरणहरू सारभुत त्रुटिबाट रहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर ग्यारेन्टी छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत त्रुटि पत्ता लगाउँदछ । त्रुटिहरू ठगी, गल्ती वा धोकाधडीबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समग्रमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

व्यवस्थापनले कार्यान्वयन गरेको अविच्छन्नताको आधारको उचितताका साथै लेखापरीक्षणका प्रमाणका आधारमा अविच्छन्नताको सारभूत अनिश्चितता माथि शङ्का उत्पन्न गर्ने घटना वा अवस्थाहरू रहे नरहेको यकिन गर्दछौं । यदि सारभूत अनिश्चितता रहेको निष्कर्षमा पुगेको खण्डमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणहरूसँग सम्बन्धित खुलासाहरूमा ध्यान केन्द्रित गर्न आवश्यक पर्ने हुन्छ । यदि त्यस्ता खुलासाहरू अपर्याप्त छन् भने हाम्रो रायमा परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष हाम्रो लेखा परीक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित छ ।

**मन्तव्य**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरू माथि बुदा नं. १ देखि ४ सम्म लेखिएका कुराहरु तथा त्यसबाट वित्तीय विवरणहरुमा पर्ने असर बाहेक प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

**सिए. बिनोद फुयाल**

**पार्टनर**

मिति : २०७८।०५।१७ गते

स्थान :  काठमाण्डौं, नेपाल ।

**पि.बि.के.पि. एण्ड एसोसिएट्स**

**चार्टर्ड एकाउन्टेन्टस्**

**UDIN :  210902CA007785HPIg**

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

कपन, बुढानिलकण्ठ नगरपालिका-१२

## आर्थिक प्रतिवेदन २०७७/७८

<u>लेखापरीक्षक</u>

सिए. बिनोद फुयाल
पार्टनर
पी.बि.के.पी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## कपन, बुढानिलकण्ठ नगरपालिका-१२

## वित्तीय अवस्थाको विवरण (वासलात)

### २०७८ साल असार मसान्त

| विवरण | टिप्पणी | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ४ | ४५,०९०,५३६.२१ | १७,५०३,६९६.०७ |
| लगानी हिसाब | ५ | २६५,000.00 | २६५,000.00 |
| सदस्यलाई दिएको कर्जा सापटी | ६ | १५१,०१६,९९४.६४ | १४२,०३७,०७१.०५ |
| सम्पत्ति तथा उपकरण | ७ | ३६८,२३७.३४ | ४२४,८१८.४७ |
| अन्य सम्पत्तिहरु | ८ | २,१७१,८५८.७३ | १,३०३,२५७.२६ |
| स्थगन कर सम्पत्ति | | - | - |
| **कुल सम्पत्ति** | | **१९८,९१२,६२६.९२** | **१६१,५३३,८४२.८५** |
| **दायित्व** | | | |
| तिर्न बाँकी बाह्य ऋण | ९ | ९,९६६,६६२.00 | १५,३३३,३३२.00 |
| सदस्यबाट संकलन गरेको निक्षेप | १० | १४३,७८७,३१६.४६ | १०६,११७,२५८.६६ |
| आयकर दायित्व | ११ | ३८१,९१०.१८ | ३३०,५७९.११ |
| कर्जा नोक्सानी व्यवस्था | १२ | ३,१०५,१२६.४७ | ३,१०५,१२६.४७ |
| अन्य दायित्वहरु | १३ | ७७३,९३५.५६ | ३५९,४४४.३५ |
| **जम्मा दायित्वहरु** | | **१५८,०१४,९५०.६७** | **१२५,२४५,७४०.५९** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | १४ | १७,८६६,७००.00 | १६,६७३,000.00 |
| जगेडा कोष तथा अन्य कोषहरु | १५ | २३,०३०,९७६.२५ | १९,६१५,१०२.२६ |
| **कुल पूँजी** | | **४०,८९७,६७६.२५** | **३६,२८८,१०२.२६** |
| **कुल पूँजी तथा दायित्व** | | **१९८,९१२,६२६.९२** | **१६१,५३३,८४२.८५** |

मिति : १७/०५/२०७८

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

स्थान : चाबहिल, काठमाण्डौं ।

अर्जुन अर्याल
व्यवस्थापक

दामोदर सापकोटा
कोषाध्यक्ष

**सिए. बिनोद फुयाल**
**पार्टनर**

सालिकराम पौडेल
सचिव

विश्वनाथ अर्याल
अध्यक्ष

**पी.बि.के.पी. एण्ड एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## कपन, बुढानिलकण्ठ नगरपालिका-१२

## नाफा वा नोक्सान विवरण
### २०७७ श्रावण १ गतेदेखि २०७८ आषाढ मसान्तसम्मको

| विवरण | टिप्पणी | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| ब्याज आम्दानी | १६ | २१,९५७,२२५.०९ | २०,५८४,५२५.७१ |
| ब्याज खर्च | १७ | ११,१०२,०२४.२४ | १०,२५५,३८४.१६ |
| **खुद ब्याज आम्दानी** | | **१०,८५५,२००.८५** | **१०,३२९,१४१.५५** |
| अन्य सञ्चालन आम्दानी | १८ | १,९१८,५२६.५८ | १,३४०,५५३.११ |
| **कुल सञ्चालन आम्दानी** | | **१२,७७३,७२७.४३** | **११,६६९,६९४.६६** |
| कर्जा नोक्सानी जोखिम व्यवस्था/(फिर्ता) | १२ | - | - |
| **खुद सञ्चालन आम्दानी** | | **१२,७७३,७२७.४३** | **११,६६९,६९४.६६** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | १९ | २,०८०,९०२.०० | १,८२२,५१८.०४ |
| प्रशासनिक खर्च | २० | ३,०००,५२२.९५ | ३,०९३,७४३.५४ |
| ह्रासकट्टि खर्च | ७ | ११२,४८१.१३ | १२६,८६३.२० |
| **सञ्चालन नाफा** | | **७,५७९,८२१.३५** | **६,६२६,५६९.८८** |
| गैर सञ्चालन आम्दानी | २१ | - | - |
| गैर सञ्चालन खर्च | २२ | - | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | | **७,५७९,८२१.३५** | **६,६२६,५६९.८८** |
| कर्मचारी बोनस खर्च | | - | - |
| **आयकर अघिको नाफा** | | **७,५७९,८२१.३५** | **६,६२६,५६९.८८** |
| आयकर खर्च | ११ | | |
| चालु आयकर | | ३८१,९१०.१८ | ३३०,५७९.११ |
| स्थगन कर आम्दानी/खर्च | | - | - |
| **खुद नाफा/(नोक्सान)** | | **७,१९७,९११.१७** | **६,२९५,९९०.७७** |

मिति : १७/०५/२०७८

स्थान : चाबहिल, काठमाण्डौं ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

अर्जुन अर्याल
व्यवस्थापक

दामोदर सापकोटा
कोषाध्यक्ष

**सिए. बिनोद फुयाल**
**पार्टनर**

सालिकराम पौडेल
सचिव

विश्वनाथ अर्याल
अध्यक्ष

**पी.बि.के.पी. एण्ड एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## कपन, बुढानिलकण्ठ नगरपालिका-१२

## नगद प्रवाह विवरण
### २०७७ श्रावण १ गतेदेखि २०७८ आषाढ मसान्तसम्मको

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| **कारोबार सञ्चालनबाट भएको नगद प्रवाह** | | |
| आयकर व्यवस्था पछिको खुद नाफा | ७,१९७,९११.१७ | ६,२९५,९९०.७७ |
| ह्रासकट्टि खर्च | ११२,४८१.१३ | १२६,८६३.२० |
| | **७,३१०,३९२.३०** | **६,४२२,८५३.९७** |
| **सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि)** | | |
| सदस्यबाट निक्षेपमा वृद्धि/(कमि) | ३७,६७०,०५७.८० | १३२,४२६.८६ |
| अन्य दायित्व तथा व्यवस्था वृद्धि/(कमि) | ४६५,८२२.२८ | (१,६०३.६३) |
| सदस्यलाई दिएको कर्जा सापटीमा (वृद्धि)/कमि | (८,९७९,९२३.५९) | (१६,९१९,७००.१४) |
| अन्य सम्पत्तिहरुमा (वृद्धि)/कमि | (८६८,६०१.४७) | ५५५,९४४.७३ |
| ऋण नोक्सानी कोष व्यवस्था वृद्धि/(कमि) | - | - |
| **कारोबार सञ्चालनबाट भएको खुद नगद प्रवाह (क)** | **३५,५९७,७४७.३२** | **(९,८१०,०७८.२१)** |
| **लगानीबाट भएको नगद प्रवाह** | | |
| लगानीमा कमी/(वृद्धि) | - | (१७६,३००.००) |
| स्थिर सम्पत्ति (खरिद)/बिक्री | (५५,९००.००) | (१८२,५००.००) |
| **लगानीबाट खुद नगद प्रवाह (ख)** | **(५५,९००.००)** | **(३५८,८००.००)** |
| **वित्तीय कारोबारबाट भएको नगद प्रवाह** | | |
| शेयर पूँजीमा वृद्धि | १,१९३,७००.०० | १,०३०,३००.०० |
| बाह्य ऋणमा वृद्धि/(कमि) | (५,३६६,६७०.००) | १२,८३३,३२८.०० |
| कोषहरुका वितरण समायोजन | (३,७८२,०३७.१८) | (४,२९६,१५६.९९) |
| **वित्तीय कारोबारबाट भएको खुद नगद प्रवाह (ग)** | **(७,९५५,००७.१८)** | **९,५६७,४७१.०१** |
| **यस अवधिको खुद नगद प्रवाह ( क+ख+ग )** | **२७,५८६,८४०.१४** | **(६०१,४०७.२०)** |
| नगद तथा बैंकको शुरुवाती मौज्दात | १७,५०३,६९६.०७ | १८,१०५,१०३.२७ |
| **नगद तथा बैंकको अन्तिम मौज्दात** | **४५,०९०,५३६.२१** | **१७,५०३,६९६.०७** |

मिति : १७/०५/२०७८

स्थान : चाबहिल, काठमाण्डौं ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

अर्जुन अर्याल
व्यवस्थापक

दामोदर सापकोटा
कोषाध्यक्ष

**सिए. बिनोद फुयाल**
**प्रोप्राइटर**

सालिकराम पौडेल
सचिव

विश्वनाथ अर्याल
अध्यक्ष

**पी.बि.के.पी. एण्ड एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## कपन, बुढानिलकण्ठ नगरपालिका-१२

## नाफाको बाँडफाँड हिसाव

**२०७७ श्रावण १ गतेदेखि २०७८ आषाढ मसान्तसम्मको**

| विवरण | प्रतिशत | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| यस वर्षको मूनाफा | | ७,१९७,९११.१७ | ६,२९५,९९०.७७ |
| साधारण जगेडा कोष | २५ | १,७९९,४७७.७९ | १,५७३,९९७.६९ |
| **संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड अगाडीको नाफा** | | **५,३९८,४३३.३८** | **४,७२१,९९३.०८** |
| **बाँडफाँड** | | | |
| संरक्षित पूँजी फिर्ता कोष | २५ | १,३४९,६०८.३४ | १,१८०,४९८.२७ |
| सहकारी प्रर्वद्धन कोष | ०.५ | २६,९९२.१७ | २३,६०९.९७ |
| **अन्य कोषमा बाँडफाँड अगाडीको नाफा** | | **४,०२१,८३२.८७** | **३,५१७,८८४.८४** |
| **अन्य कोषको बाँडफाँड** | | | |
| शेयर लाभांश कोष | ६५ | २,६१४,१९१.३६ | २,२८६,६२५.१५ |
| कर्मचारी बोनस कोष | ५ | २०१,०९१.६४ | १७५,८९४.२४ |
| सहकारी विकास कोष | ५ | २०१,०९१.६४ | १७५,८९४.२४ |
| सामुदायिक विकास कोष | ५ | २०१,०९१.६४ | १७५,८९४.२४ |
| सहकारी शिक्षा कोष | ५ | २०१,०९१.६४ | १७५,८९४.२४ |
| घाटापूर्ति कोष | ५ | २०१,०९१.६४ | १७५,८९४.२४ |
| स्थिरीकरण कोष | ५ | २०१,०९१.६४ | १७५,८९४.२४ |
| अन्य जोखिम व्यवस्थापन कोष (डुबन्त ऋण कोष) | ५ | २०१,०९१.६४ | १७५,८९४.२४ |
| **जम्मा** | **१००** | **४,०२१,८३२.८७** | **३,५१७,८८४.८४** |

मिति : १७/०५/२०७८

स्थान : चाबहिल, काठमाण्डौं ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

अर्जुन अर्याल
व्यवस्थापक

दामोदर सापकोटा
कोषाध्यक्ष

**सिए. बिनोद फुयाल**
**पार्टनर**

सालिकराम पौडेल
सचिव

विश्वनाथ अर्याल
अध्यक्ष

**पी.बि.के.पी. एण्ड एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## कपन, बुढानिलकण्ठ नगरपालिका-१२

## इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण
### २०७७ श्रावण १ गतेदेखि २०७८ आषाढ मसान्तसम्मको

| विवरण | शेयर पूँजी | साधरण जगेडा कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|
| **श्रावण १, २०७६ सालको मौज्दात** | १५,६४२,७००.०० | ९,६१६,७८३.२९ | ७,९९८,४८५.१८ | ३३,२५७,९६८.४७ |
| समायोजन | - | - | - | - |
| **श्रावण १, २०७६ सालको समायोजित मौज्दात** | **१५,६४२,७००.००** | **९,६१६,७८३.२९** | **७,९९८,४८५.१८** | **३३,२५७,९६८.४७** |
| यस वर्षको आय विवरणबाट | - | १,५७३,९९७.६९ | ४,७२१,९९३.०८ | ६,२९५,९९०.७७ |
| कोष समायोजन | - | - | (४,२९६,१५६.९८) | (४,२९६,१५६.९८) |
| शेयर पूँजीमा वृद्धि/(कमी) | १,०३०,३००.०० | | | १,०३०,३००.०० |
| **आषाढ ३१, २०७७ सम्मको मौज्दात** | **१६,६७३,०००.००** | **११,१९०,७८०.९८** | **८,४२४,३२१.२८** | **३६,२८८,१०२.२६** |
| **श्रावण १, २०७७ सालको मौज्दात** | **१६,६७३,०००.००** | **११,१९०,७८०.९८** | **८,४२४,३२१.२८** | **३६,२८८,१०२.२६** |
| समायोजन | - | - | - | - |
| **श्रावण १, २०७७ सालको समायोजित मौज्दात** | **१६,६७३,०००.००** | **११,१९०,७८०.९८** | **८,४२४,३२१.२८** | **३६,२८८,१०२.२६** |
| यस वर्षको आय विवरणबाट | - | १,७९९,४७७.७९ | ५,३९८,४३३.३८ | ७,१९७,९११.१७ |
| कोष समायोजन | - | १,३१४,९१३.५५ | (५,०९६,९५०.७३) | (३,७८२,०३७.१८) |
| शेयर पूँजीमा वृद्धि/(कमी) | १,१९३,७००.०० | - | - | १,१९३,७००.०० |
| **आषाढ ३१, २०७८ सम्मको मौज्दात** | **१७,८६६,७००.००** | **१४,३०५,१७२.३३** | **८,७२५,८०३.९३** | **४०,८९७,६७६.२५** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| अर्जुन अर्याल | दामोदर सापकोटा | सालिकराम पौडेल | विश्वनाथ अर्याल | **सिए. बिनोद फुयाल** |
|---|---|---|---|---|
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | **पार्टनर** |

मिति : १७/०५/२०७८

स्थान : चाबहिल, काठमाण्डौं ।

**पी.बि.के.पी. एण्ड एसोसिएट्स**

**चार्टर्ड एकाउन्टेन्ट्स**

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## कपन, बुढानिलकण्ठ नगरपालिका-१२

## वित्तीय विवरण सम्बन्धि टिप्पणीहरु

**१ संस्थाको परिचय :**

**श्री नवसृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड** वि.सं. २०६४ सालमा साबिक सहकारी ऐन, २०४८ अनुसार स्थापना भएको सहकारी संस्था हो । यसको मुख्य कार्यलय कपन, काठमाण्डौंमा अवस्थित छ । यस संस्थाको स्थायी लेखा नम्बर **३०३०१७०६०** रहेको छ ।

संस्थाको प्रमुख गतिविधिहरुमा बचत सकंलन, ऋण लगानी आदि पर्दछन् । यी सेवाहरु संस्थाले आफनो कार्य क्षेत्र भित्रका शेयर सदस्यहरुलाई प्रदान गर्दै आएको छ ।

**२ लेखाङ्कनको आधार तथा अनुपालना**

२.१ वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकोमा बाहेक ऐतिहासिक लागत अवधारणा, सर्वमान्य लेखा सिद्धान्त तथा सहकारीमा प्रचलित लेखा नीति, नेपाल लेखामान (NAS), सहकारी ऐन, नियमावली तथा निर्देशिका बमोजिम दोहोरो लेखा प्रणाली अनुसार तयार गरिएको छ ।

वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सानको विवरण, इक्विटीमा भएको

परिवर्तन सम्बन्धि विवरण, नगद प्रवाहको विवरण र लेखाङ्कनका टिप्पणीहरू समावेश गरिएका छन् ।

वार्षिक वित्तीय विवरण तयार गर्दा अपनाईएका प्रमुख लेखा नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन् ।

२.२ संलग्न वित्तीय विवरणले मिति २०७७ साल श्रावण १ गते देखि मिति २०७८ असार ३१ को अवधिलाई समेटि मिति २०७७ साल असार ३१ को वित्तीय अवस्था प्रस्तुत गरेको छ । उक्त वित्तीय विवरण र सो को २०७७ साल असार ३१ को वित्तीय अवस्थासँगको तुलनात्मक स्थितिको अवस्थाको प्रकाशन तथा वार्षिक साधारण सभामा स्विकृतीको लागि पेश गर्न सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको छ ।

संलग्न वित्तीय विवरणहरु निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ । आर्थिक विवरणमा लेखिएका रकमहरु नेपाली रुपैंयामा लेखिएका छन् जुन संस्थाको कार्यात्मक मुद्रा पनि हो ।

## २.४ निरन्तरताको आधार

संस्थाको व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा (Going Concern Basis) चलिरहन्छ भन्ने क्षमताको समीक्षा गरेको छ । संस्थाको व्यवसाय भविष्यमा अनबरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पूँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै हाल र भविष्यको अवस्थाहरु विश्लेष्ण गरेको छ ।

## ३ प्रमुख लेखा नीतिहरु

वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

वित्तीय विवरण ऐतिहासिक मूल्यमा तयार पारिएको छ । वित्तीय विवरणहरु निरन्तरताको आधारमा तयार गरिएको छ । लेखामान नीति र धारणाहरु लेखामान मानक अनुरुप लागु गरिएको छ र कुनै फरक नीति र धारणाहरु अपनाएको अवस्थामा त्यसलाई विशेष रुपमा उल्लेख गरिएको छ ।

### ३.१ नगद र बैंक मौज्दात

नगद र बैंक मौज्दातमा संस्थाले अल्पकालिन प्रतिबद्धता पूरा गर्न प्रयोग गर्ने नगद मौज्दात र बैंक तथा वित्तीय संस्थाहरुमा रहेको नगद मौज्दात पर्दछ ।

नगद र बैंक मौज्दातलाई वित्तीय स्थितिको विवरणमा किताबी लागतमा पहिचान गरिन्छ ।

### ३.२ कर्जा लगानी, शेयर लगानी नीति र कर्जा नोक्सानी व्यवस्था :

संस्थाले "ऋण नीति २०७६" अनुसार सदस्यलाई विभिन्न शिर्षकमा कर्जा सापटी दिने तथा असुली गर्ने गरेको छ ।

संस्थाले लगानीमा रहेका सम्पुर्ण कर्जाहरुलाई सहकारी विभागबाट जारी निर्देशन अनुसार असल, शंकास्पद र खराब कर्जामा वर्गिकरण गरी क्रमश: १%, ३५% र १००% ले हुन आउने रकमलाई कर्जा जोखिम व्यवस्था गर्ने नीति लिएको छ ।

बैंक तथा संघ/संस्थाहरुको शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखांकन गर्ने नीति लिएको छ ।

## ३.३ सम्पत्ति तथा उपकरण

३.३.१ वस्तुसँग सम्बन्धित भविष्यका आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना छ र वस्तुको लागत विश्वासिलो तरिकाले मापन गर्न सकिन्छ भने सम्पत्ती र उपकरणको लागत मुल्यलाई शुरूमा सम्पत्तिको रुपमा लागतमा पहिचान गरिन्छ ।

लागतमा खरिद मुल्य, फिर्ता नहुने कर र सम्पत्तिलाई व्यवस्थापनले तोके अनुसारको स्थान र अवस्थामा

ल्याउनको लागि लाग्ने खर्चमा भोल्यूम छूट र व्यापार छूट घटाए पछि आउने रकम पर्दछ ।

३.३.२ उपकरणहरूको कार्यक्षमतासँग अभिन्न अंशको रुपमा रहने सफ्टवेयरलाई उपकरणको अंशको रूपमा पूँजीकृत गरिएको छ । खर्च गरेको कारण ले यदि भविष्यमा आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना छ भने पछिका खर्चहरु पनि पूँजीकृत गरिएको छ । सम्पत्तिलाई चलायमान राख्न गरिने मर्मत संभार कार्य खर्चमा गणना गरिन्छ । सम्पत्ति र उपकरणको निसर्ग हुँदा भएको कुनै लाभ वा नोक्सान (निसर्गको खुद प्राप्त रकम र वस्तुको किताबी मूल्यबीचको भिन्नताका रूपमा गणना गरिएको नाफा नोक्सान विवरणमा अन्य आयमा लेखांकन गरिएको छ ।

३.३.३ स्थिर सम्पत्तिमा ह्रासकट्टी घट्दो ह्रास प्रणालीको आधारमा आयकर ऐन, २०५८ अनुसार देहाय बमोजिमको दरले गरिएको छ ।

| | |
|---|---|
| भवन | ५% |
| कार्यालय उपकरण, कम्प्यूटर तथा प्रिन्टर | २५% |
| सवारी साधन | २०% |
| प्लान्ट एण्ड मेशिनरी | १५% |

३.३.४ खरिद गरिएको कम्प्यूटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिन्छ । कम्प्यूटर सफ्टवेयर लागतलाई अपेक्षित उपयोगी अवधिको आधारमा परिशोधित गरिन्छ । सफ्टवेयर चालु अवस्थामा राख्न लाग्ने रकमलाई खर्चको रूपमा मान्यता दिइन्छ ।

सफ्टवेयरलाई प्रयोगको लागि उपलब्ध मिति देखि समादर विधिमा, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा यसको अपलेखन गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी अवधि पाँच बर्ष हो ।

३.३.५ सम्पत्ति र उपकरणहरूको निसर्ग भएमा वा भविष्यमा त्यसको प्रयोग वा निसर्गबाट आर्थिक लाभको आशा नभएमा सम्पत्ति र उपकरणहरूलाई पहिचानबाट हटाईएको छ ।

### ३.४ आयकर दायित्व

कर खर्चमा वर्तमान कर र स्थगन कर खर्च समावेश पर्दछ ।

चालु कर भनेको यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नु पर्ने वा पाउनु पर्ने करको रकम हो जुन रिर्पोटिङ्ग मितिमा लागू गरिएको वा ठोस रूपमा लागु गरिएको करका दरहरू प्रयोग गरी गणना गरिन्छ र अघिल्लो वर्षहरुमा तिर्नु पर्ने कर पनि समायोजन गरिन्छ ।

आयकर व्यवस्थाको लागि संस्थाको कर अघिको खूद मुनाफामा आयकर ऐन २०५८ र सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम खर्च, आम्दानीमा आवश्यक थपघट गरी आय निर्धारण गर्ने नीति लिएको छ । व्यवस्था गरिएको रकम बढी वा घटी हुन गएमा कर निर्धारण भएको सालमा नाफा/नोक्सान हिसाबमा समायोजन गर्ने गरिन्छ ।

आर्थिक वर्षको अन्त्य मितिमा कर आधार र किताबी मूल्यको अस्थायी भिन्नताहरुमा स्थगन कर पहिचान गरिन्छ । स्थगन आयकर आर्थिक वर्षको अन्त्य मितिमा संस्थामा लागू हुने त्यो दर प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आय कर सम्पत्ति प्राप्त हुँदा वा स्थगन आयकर दायित्व समाप्त हुँदा लागू हुने अपेक्षा गरिएको हुन्छ । स्थगन कर सम्पत्तिहरू तब मात्र मापन गरिन्छ जब भविष्यमा अस्थायी भिन्नताहरूको अन्त्य गर्न करयोग्य मुनाफा उपलब्ध हुनेछ भनी अपेक्षा गर्न सकिन्छ ।

### ३.५ सदस्यबाट निक्षेप

संस्थाले आफ्ना सदस्यहरुबाट दैनिक, मासिक, आवधिक र अन्य खाताहरु (चल्ति बाहेक) अन्तर्गत निक्षेप स्वीकार गर्दछ जसले खातावालाई पैसा जम्मा गर्न र निकाल्न अनुमति दिन्छ । यी कारोबार संस्थाको खाताहरुमा रेकर्ड गरिएको छ र परिणामस्वरूप बाँकी ब्यालेन्स संस्थाको दायित्वको रूपमा रेकर्ड गरिएको छ जुन रकम संस्थाले सदस्यलाई दिनुपर्ने रकमको प्रतिनिधित्व गर्दछ ।

### ३.६ आम्दानीको लेखाङ्कन

आम्दानी भनेको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो जसले इक्विटीमा वृद्धि हुन्छ । आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना प्रबल भएमा र त्यसको उपयुक्त मापन गर्न सकेमा मात्र आम्दानीको लेखांकन गरिन्छ । आम्दानीको प्राप्तीको सम्भावना नरहेको अवधिमा आम्दानीको लेखांकन गरिएको छैन । आम्दानी अर्न्तगत ब्याज आम्दानी, लाभांश आम्दानी, विप्रेशण आम्दानी आदि पर्दछन् ।

### ३.६.१ ब्याज आम्दानी

संस्थाबाट लगानी गरिएको कर्जा रकममा ब्याज हिसाव गर्दा ३६५ दिनलाई एक बर्ष मानी ब्याज गणना

गरिएको छ । कर्जा सापटीको ब्याज नगद आधार (Cash Basis) मा आम्दानी जनाइएको छ ।

### ३.६.२ लाभांश आम्दानी

लाभांश प्राप्त गर्ने हक स्थापित भइसकेपछि लाभांश आम्दानी जनाइन्छ ।

### ३.६.३ अन्य आम्दानी

अन्य आम्दानीको हकमा पाकेको तर प्राप्त भइनसकेका आम्दानीलाई प्रोदभावी आधारमा (Accrual Basis) मा आम्दानी जनाउने नीति लिएको छ ।

## ३.७ ब्याज खर्च

संस्थाको निक्षेपमा ब्याज खर्च हिसाब गर्दा ३६५ दिनलाई आधार मानिएको छ ।

संस्थाको खर्चहरुलाई प्रोदभावी आधार (Accrual Basis) मा खर्च जनाइएको छ ।

## ३.८ कर्मचारी सुविधा

कर्मचारी बोनसका लागि जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड पछीको नाफाबाट ५% रकम कर्मचारी बोनस कोषमा व्यवस्था गरेको छ ।

संस्थाले २०७४ भाद्र १९ बाट लागू भएको नँया श्रम ऐन २०७४ अनुसार, हरेक कर्मचारीको आधारभुत तलबको कम्तीमा ८.३३ प्रतिशत रकम (प्रति वर्ष एक महिनाको तलब बराबर) उपदान रकम भुक्तानी गर्नुपर्ने हुन्छ । सहकारीले नँया श्रम ऐन अनुसार कर्मचारी विनियमावली परिमार्जन गर्ने निर्णय गरिसकेको नभएता पनि नँया श्रम ऐन अस्तित्वमा आईसकेको हुनाले सबै कर्मचारीहरुको (कर्मचारीको प्रकृति तथा सेवा अवधि दुवै हेरि) उपदानका लागि व्यवस्था भने निर्णय गरेको छ ।

सहकारीले श्रम ऐन २०७४ अनुसारको चाडपर्व खर्चको व्यवस्था गरेको छ ।

संचयकोषको लागि प्रत्येक महिना संस्थाको तर्फबाट कर्मचारीको संचय कोषमा हुने योगदानलाई खर्च मानेर **संस्थाकै कोष** (कर्मचारी संचयकोष) मा जम्मा गर्ने गरेको छ । कर्मचारी संचयकोषमा योगदान गरिएको समयमा नै संचालन खर्च जनाइएको छ । उक्त रकम खातामा जम्मा गरेपछि संस्थाको अरु रकम भुक्तानी गर्नुपर्ने दायित्व रहन्न ।

## ३.९ शेयर पूँजी र कोषहरु

शेयर पूँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । शेयर सदस्यहरुलाई वार्षिक साधारण सभामा मत राख्न सक्ने र पारित लाभांश पाउने अधिकार हुन्छ । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर रहेको छैन ।

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको २५ प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ। सहकारी ऐन, २०७४ को दफा ६९ र ७० मा भएको व्यवस्था अनुसार संस्थाले साधारण जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट संरक्षित पूँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्वद्धन कोषमा ०.५% रकम रकमान्तर गरिन्छ। सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र संस्थाको विनियम बमोजिम अन्य शिर्षकमा संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड पछीको नाफा बाँडफाँड गरिन्छ।

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## कपन, बुढानिलकण्ठ नगरपालिका-१२

### ४ नगद तथा बैंक मौज्दात

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| नगद मौज्दात | १,५६७,७५२.९६ | ८३१,४६१.८७ |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | ५,५२३,९७१.४८ | २,२७३,४४०.४६ |
| कुमारी बैंक लिमिटेड | १२,५९९,५९६.०० | ६,२५७,७३२.७९ |
| सनराइज बैंक लिमिटेड | २,५०२,०६६.२० | २,११४,३८०.५४ |
| ज्योति विकास बैंक लिमिटेड | ५९९,४१२.७८ | १,११३,८४९.५३ |
| आइ.एम.ई कोअपरेटिभ सर्भिस लिमिटेड | ११८,०२७.१५ | - |
| नेफ्स्कून | ११,०७५,५६४.९६ | ५५३,२६०.३८ |
| काठमाण्डौ जिल्ला बचत तथा ऋण सहकारी संघ | ११,१०४,१४४.६८ | ४,३५९,५७०.५० |
| **जम्मा** | **४५,०९०,५३६.२१** | **१७,५०३,६९६.०७** |

भल्टमा राखिएको नगदको भौतिक तथा वित्तीय जोखिम न्युनीकरणको लागि बीमा गरिएको छ । तरलता र व्यावसायीक आवश्यकताका आधारमा भल्टमा रकमको व्यवस्थापन गरिएको छ । बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातमा स्थानीय बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातलाई समावेश गरिएको छ ।

### ५ लगानी हिसाब

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लिमिटेड (शेयर) | १०,०००.०० | १०,०००.०० |
| नेफ्स्कून (शेयर) | २००,०००.०० | २००,०००.०० |
| जिल्ला सहकारी सघं, काठमाण्डौ | ५,०००.०० | ५,०००.०० |
| काठमाण्डौ जिल्ला बचत तथा ऋण सहकारी संघ(शेयर) | ५०,०००.०० | ५०,०००.०० |
| **जम्मा** | **२६५,०००.००** | **२६५,०००.००** |

### ६ सदस्यलाई दिएको कर्जा सापटी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| व्यवसायिक ऋण | ४८,६३१,४३४.६४ | ४८,२१४,०२६.७५ |
| धितो ऋण | २०,९६९,०२०.०० | २१,६८२,९३५.४६ |
| सदस्य सुविधा ऋण | २६,८१३,८४५.०० | २८,७५३,४७१.०० |
| मासिक किस्ता ऋण | ४८,६३३,१३५.०० | ३८,४२६,५५६.४३ |
| शैक्षिक ऋण | १,०१०,०००.०० | १,५६५,३११.४१ |
| कर्मचारी ऋण | १,३८०,०००.०० | ७५०,०००.०० |
| छोटो अवधि ऋण | १,२८२,५७५.०० | १,०००,०००.०० |
| आवधिक रसिद ऋण | २,२९६,९८५.०० | १,६४४,७७०.०० |
| **जम्मा** | **१५१,०१६,९९४.६४** | **१४२,०३७,०७१.०५** |

## ७ सम्पत्ति तथा उपकरण

| सम्पत्तिको विवरण | ह्रास दर | शूरु मूल्य | यस वर्षको थप | | | बिक्री | जम्मा मुल्य | ह्रास खर्च | बाँकी मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पौष मसान्त सम्म | चैत्र मसान्त सम्म | आषाढ मसान्त सम्म | | | | |
| **समुह क** | | | | | | | | | |
| जग्गा | ०% | - | - | - | - | - | - | - | - |
| भवन तथा कम्पाउण्ड | ५% | - | - | - | - | - | - | - | - |
| **जम्मा** | | - | - | - | - | - | - | - | - |
| | | | | | | | | | |
| **समुह ख** | २५% | | | | | | | | |
| कार्यालय उपकरण, कम्प्यूटर, प्रिन्टर र फर्निचर | | ४०३,७३३.६१ | - | - | - | - | ४०३,७३३.६१ | १००,९३३.४० | ३०२,८००.२१ |
| **जम्मा** | | **४०३,७३३.६१** | - | - | - | - | **४०३,७३३.६१** | **१००,९३३.४०** | **३०२,८००.२१** |
| | | | | | | | | | |
| **समुह ग** | २०% | | | | | | | | |
| सवारी साधन | | - | - | - | - | - | - | - | - |
| **जम्मा** | | - | - | - | - | - | - | - | - |
| | | | | | | | | | |
| **समुह घ** | १५% | | | | | | | | |
| अन्य उपकरण | | २१,०८४.८५ | ५५,९००.०० | - | - | - | ७६,९८४.८५ | ११,५४७.७३ | ६५,४३७.१३ |
| **जम्मा** | | **२१,०८४.८५** | **५५,९००.००** | - | - | - | **७६,९८४.८५** | **११,५४७.७३** | **६५,४३७.१३** |
| | | | | | | | | | |
| **समुह ङ** | | | | | | | | | |
| सफ्टवेयर सम्पत्ति | | - | - | - | - | - | - | - | - |
| **जम्मा** | | - | - | - | - | - | - | - | - |
| **कूल जम्मा** | | **४२४,८१८.४७** | **५५,९००.००** | - | - | - | **४८०,७१८.४७** | **११२,४८१.१३** | **३६८,२३७.३४** |

सुरुवातमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लागत मुल्यमा सम्पत्तिको लेखांकन गरिन्छ। भविष्यमा आर्थिक लाभहरु प्रभावित हुने संम्भावना भएमा पछि गरिएका खर्चहरु पूँजीकृत गरिन्छ। सम्पत्ति र उपकरणको निसर्गबाट भएको नाफा नोक्सान (किताबी मौज्दात र निसर्गबाट प्राप्ति बिचको भिन्नता) नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ।

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## कपन, बुढानिलकण्ठ नगरपालिका-१२

### ८ अन्य सम्पत्तिहरु

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| कर्जामा पाउँनुपर्ने बाँकी ब्याज | १,३७८,२५५.०१ | १,०५२,५६४.६४ |
| न्यून : ब्याज मुल्तबी हिसाब | (१,३७८,२५५.०१) | (१,०५२,५६४.६४) |
| नेपाल टेलिकम लिमिटेड (धरौटी) | ३,०००.०० | ३,०००.०० |
| ईसेवा फोनपे प्राईभेट लिमिटेड | ६७६,७५०.५८ | ५५,४१५.७२ |
| आइ.एम.ई कोअपरेटिभ सर्भिस लिमिटेड | - | ११४,०९८.५८ |
| सिटी एक्सप्रेस मनी ट्रान्सफर प्राईभेट लिमिटेड (धरौटी) | ३००,०००.०० | ३००,०००.०० |
| प्रभु मेनेजमेन्ट प्राईभेट लिमिटेड (धरौटी) | ३००,०००.०० | ३००,०००.०० |
| आई पे लिमिटेड (धरौटी) | ५०,०००.०० | ५०,०००.०० |
| रेमिट्यान्सबाट पाउँनुपर्ने हिसाब | ३९३,८७४.७७ | १५०,९९२.७० |
| अग्रिम आयकर | ४४८,२३३.३८ | ३२९,७५०.२६ |
| **जम्मा** | **२,१७१,८५८.७३** | **१,३०३,२५७.२६** |

### ९ तिर्न बाँकी बाह्य ऋण

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| नेफ्स्कून | ९,९६६,६६२.०० | १५,३३३,३३२.०० |
| कास्कून | - | - |
| **जम्मा** | **९,९६६,६६२.००** | **१५,३३३,३३२.००** |

३१ असार, २०७८ मा रु. ९९,६६,६६२।०० बाह्य ऋण रहेको छ।

### १० सदस्यबाट संकलन गरेको निक्षेप

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| आवधिक बचत | ३०,७६२,१५०.२४ | १६,४१८,६०५.२४ |
| साधारण बचत | १६,४९०,९४३.६६ | १४,४०९,६१५.०६ |
| बाल बचत | ८८४,२१६.७७ | ८०६,७५६.१० |
| खुत्रुके बचत | १,३२८,०६३.५७ | १,१८७,८१४.४६ |

| | | |
|---|---|---|
| जेष्ठ नागरिक बचत | १९,८२७.७६ | - |
| नियमित मासिक बचत | ४५,७४७,५७८.०९ | ४५,४९१,२३७.९४ |
| नवसृजनशील विशेष बचत | २,९८९,२१३.२२ | २,९१०,१५६.९० |
| कर्मचारी मासिक बचत | ८१६,७०७.१६ | ५२६,०७८.४८ |
| शैक्षिक बचत | ९३१,८३०.७४ | १,५९५,८८२.३४ |
| दैनिक बचत | ३०,७४९,२०६.७२ | १३,३१५,३९६.६० |
| भविष्य बचत | २,७२६,३४५.५१ | २,२९०,७४०.३१ |
| लखपति बचत ३ वर्षे | २,३३३,५४१.६७ | १,५५१,२८७.६२ |
| राइफाइसन बचत | १,६२७,६९९.०६ | १,४९०,९७२.४० |
| सुपर बचत | ९५५,३९०.९१ | ६०३,७९१.५७ |
| ऋण ब्याज भुक्तानी बचत खाता | १२,४००.०० | १७,२००.०० |
| नवसृजनशील दिगो बचत | २,४२८,६१९.५८ | ३३०,३६१.७० |
| नारी बचत | २,९८३,५८१.८० | ३,१७१,३६१.९४ |
| **जम्मा** | **१४३,७८७,३१६.४६** | **१०६,११७,२५८.६६** |

उपरोक्त तालिका अनुसार गत आ.व. २०७७/७८ को आसार मसान्तमा अघिल्लो आ.व. २०७६/७७ को तुलनामा निक्षेप रकम ३५.५०% अर्थात रु. ३,७६,७०,०५७.८० ले वृद्धि भएको छ ।

## ११ आयकर दायित्व

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| आयकर व्यवस्था अघिको मुनाफा | ७,५७९,८२१.३५ | ६,६२६,५६९.८८ |
| क. आयमा समावेश गर्नु नपर्ने रकमहरु | | |
| लाभांश आम्दानी | (४६,६१७.८२) | (१४,९८७.७५) |
| ख. आयमा समावेश गर्नुपर्ने अन्य रकमहरु | | |
| ऋण व्यवस्थापन शुल्क बापतको आम्दानी, घर जग्गा कोषमा रकमान्तर गरेको | - | - |
| ग. आयको गणना गर्दा कट्टी नहुने खर्चहरु | | |
| यस आ.व. मा व्यवस्था गरेको कर्मचारी उपदान खर्च | १०५,०००.०० | - |
| ब्याज तथा जरिवाना खर्च | - | - |
| घ. आयको गणना गर्दा कट्टी नभएको खर्चहरु भुक्तानीको आधारमा यस आ.व. मा खर्च दाबी गर्न सकिने रकम | | |
| यस आ.व. मा उपदान कोषबाट भएको खर्च | - | - |
| **करयोग्य आम्दानी** | **७,६३८,२०३.५३** | **६,६११,५८२.१३** |
| **आयकर व्यवस्था (५%)** | **३८१,९१०.१८** | **३३०,५७९.११** |

## १२ ऋण नोक्सानी व्यवस्था

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| **जम्मा ऋण नोक्सानी कोष व्यवस्था** | **३,१०५,१२६.४७** | **३,१०५,१२६.४७** |
| चार्ज अफ ऋण | - | - |
| अन्य खर्च | - | - |
| गत वर्षको ऋण नोक्सानी कोष व्यवस्था | ३,१०५,१२६.४७ | ३,१०५,१२६.४७ |
| **यस वर्ष थप भएको ऋण नोक्सानी कोष व्यवस्था** | **-** | **-** |

## १३ अन्य दायित्वहरु

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| लेखापरीक्षण शुल्क | ५५,७५०.०० | ४९,३३६.०० |
| स्रोतमा कर कट्टी (ब्याज खर्च ) | ११८,७८६.८० | १०९,१३२.३७ |
| स्रोतमा कर कट्टी (सामाजिक सुरक्षा कर) | २,१९९.४९ | १,३१०.७५ |
| स्रोतमा कर कट्टी (बैठक भत्ता) | २,९९१.०० | - |
| कर्मचारी उपदान कोष | ३०२,०४५.२३ | १९७,०४५.२३ |
| अग्रिम कर कट्टी (अन्य) | २९१,४१३.०४ | १,९५६.०० |
| स्रोतमा कर कट्टी (लेखापरीक्षण शुल्क) | ७५०.०० | ६६४.०० |
| **जम्मा** | **७७३,९३५.५६** | **३५९,४४४.३५** |

## १४ शेयर पूँजी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| शेयर पूँजी<br>(प्रति शेयर रु.१००) | १७,८६६,७००.०० | १६,६७३,०००.०० |
| **जम्मा** | **१७,८६६,७००.००** | **१६,६७३,०००.००** |

उपरोक्त तालिका अनुसार गत आ.व. २०७७/७८ को आसार मसान्तमा अघिल्लो आ.व. २०७६/७७ को तुलनामा शेयर रकम ७.१६% अर्थात रु. ११,९३,७००।- ले वृद्धि भएको छ ।

## १५ जगेडा कोष तथा अन्य कोषहरु

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| जगेडा कोष | १४,३०५,१७२.३३ | ११,१९०,७८०.९९ |
| संरक्षित पूँजी फिर्ता कोष | १,३४९,६०८.३४ | १,१८०,४९८.२७ |
| सहकारी प्रर्वद्धन कोष | ५०,६०२.१४ | ६९,१२२.५८ |
| शेयर लाभांश कोष | २,६१४,१९१.३६ | २,८२१,३७०.१५ |
| कर्मचारी बोनस कोष | २०१,०९१.६४ | २७१,५५६.८६ |
| घाटापूर्ती कोष | १,१९३,२३४.४० | ९९२,१४२.७६ |
| डुबन्त ऋण कोष | २०१,०९१.६४ | ६९६,९४२.८६ |
| सामुदायिक विकास कोष | ५६१,९५७.१० | ४०६,९३५.४६ |
| स्थिरीकरण कोष | ६०८,०२७.१० | ४०६,९३५.४६ |
| सहकारी शिक्षा कोष | ७३८,२६५.४० | ५७२,१७३.७६ |
| सहकारी विकास कोष | १,२०७,७३४.७७ | १,००६,६४३.१३ |
| **जम्मा** | **२३,०३०,९७६.२५** | **१९,६१५,१०२.२६** |

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको २५ प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरेको छ । यस आर्थिक वर्षको खुद नाफाको २५ प्रतिशतले हुने रकम रु. १७,९९,४७७.७९ लाई साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ ।

सहकारी ऐन, २०७४ को दफा ६९ र ७० मा भएको व्यवस्था अनुसार संस्थाले साधारण जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट संरक्षित पूँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्वद्धन कोषमा ०.५% रकम रकमान्तर गरेको छ ।

सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र संस्थाको विनियम बमोजिम अन्य शिर्षकमा संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड पछीको नाफा बाँडफाँड निम्नानूसार छ :

**<u>अन्य कोषको बाँडफाँड</u>**

| | |
|---|---|
| शेयर लाभांश कोष | ६५% |
| कर्मचारी बोनस कोष | ५% |
| सहकारी विकास कोष | ५% |
| सामुदायिक विकास कोष | ५% |
| सहकारी शिक्षा कोष | ५% |
| घाटापूर्ति कोष | ५% |
| स्थिरीकरण कोष | ५% |
| अन्य जोखिम व्यवस्थापन कोष (डुबन्त ऋण कोष) | ५% |

## १६ ब्याज आम्दानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| ऋण ब्याज आम्दानी | २१,०८७,१२२.५० | १९,८५१,६५७.०० |
| बैंक निक्षेपबाट प्राप्त ब्याज आम्दानी | ८७०,१०२.५९ | ७३२,८६८.७१ |
| **जम्मा** | **२१,९५७,२२५.०९** | **२०,५८४,५२५.७१** |

## १७ बचतमा ब्याज खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| बचतमा ब्याज खर्च | ११,१०२,०२४.२४ | १०,२५५,३८४.१६ |
| **जम्मा** | **११,१०२,०२४.२४** | **१०,२५५,३८४.१६** |

## १८ अन्य आम्दानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| ऋण व्यवस्थापन शुल्क आम्दानी | १,६४४,५७५.०० | १,०७४,५८०.०० |
| फारम शुल्क आम्दानी | ८२,७००.०० | ७१,१००.०० |
| शेयर लाभाँश आम्दानी | ४६,६१७.८२ | १४,९८७.७५ |
| रेमिट कमिशन आम्दानी | १०५,२९७.५४ | ११७,७३८.३६ |
| विविध आम्दानी | २८,५७६.२२ | २९,४४२.०० |
| विलम्ब शुल्क आम्दानी | १०,७६०.०० | ३२,७०५.०० |
| **जम्मा** | **१,९१८,५२६.५८** | **१,३४०,५५३.११** |

## १९ कर्मचारी खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| तलब तथा ग्रेड | १,७२४,८२६.०० | १,५६४,५००.०० |
| कर्मचारी संचयकोष खर्च | ११३,४९६.०० | ६६,७५५.७५ |
| चाडपर्व खर्च | ९४,५८०.०० | ९१,८२५.०० |
| कर्मचारी उपदान खर्च | १०५,०००.०० | ९९,४३७.२९ |
| पोशाक खर्च | ४३,०००.०० | - |
| **जम्मा** | **२,०८०,९०२.००** | **१,८२२,५१८.०४** |

## २० प्रशासनिक खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| बैठक भत्ता | १७१,८४४.०० | ८५,०९५.०० |
| साधरणसभा खर्च | ४३१,१८१.०० | ६२६,८८३.०० |
| बिस्तारित बैठक खर्च | १८,७२०.०० | ६३,७९५.२६ |
| नविकरण खर्च | ३,१५०.०० | ५,७५०.०० |
| सफ्टवयेर नविकरण खर्च | ८९,२७०.०० | ९८,६४७.५० |
| मसलन्द खरिद | ४६,०६०.०० | ७५,०४१.०० |
| लेखापरीक्षण शुल्क | ५६,५००.०० | ५०,०००.०० |
| भ्रमण तथा यातायात | १९,४००.०० | १८,३००.०० |
| तालिम तथा शिक्षा | ६२,६५०.०० | ३१,१९०.०० |
| पानी/विद्युत/सञ्चार खर्च | १०७,८९०.१० | ९०,२११.०६ |
| क्यालेन्डर छपाई खर्च | ६७,५००.०० | ४०,६८०.०० |
| छपाई तथा प्रकाशन | ९,०८८.०० | २,१७०.०० |
| मर्मत खर्च | ६५,११५.०० | १४५,८०८.५० |
| बीमा खर्च | ९,२०३.८५ | ११,६०७.०० |
| सदस्य हित खर्च | ३०,०००.०० | ३०,०००.०० |
| घर भाडा | ४७२,८००.०० | ४६०,९८०.०० |
| बाह्य ऋणको ब्याज खर्च | १,२१२,७३५.०० | १,१२२,३१८.०० |
| पर्व तथा पूजा खर्च | १८,१८५.०० | १७,८६५.०० |
| अतिथी सत्कार खर्च | ५१,४८३.०० | ५०,५४१.२२ |
| विविध खर्च | १७,००३.०० | ३४,२१०.०० |
| पत्र-पत्रिका खर्च | ३,०००.०० | ५,८००.०० |
| कार्यालय खर्च | १५,५००.०० | १०,२२०.०० |
| बैंक सेवा शुल्क | २,८००.०० | - |
| कोभिड नियन्त्रण खर्च | ११,४४५.०० | - |
| कार्यालय सरसफाई खर्च | ८,०००.०० | १६,६३१.०० |
| **जम्मा** | **३,०००,५२२.९५** | **३,०९३,७४३.५४** |

## २१ गैर सञ्चालन आम्दानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| अपलेखन गरिएको कर्जा असुली | - | - |
| अन्य आम्दानी | - | - |
| **जम्मा** | **-** | **-** |

सञ्चालन आयसँग प्रत्यक्ष सम्बन्ध नभएका आयहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।

## २२ गैर सञ्चालन खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| कर्जा अपलेखन | - | - |
| अन्य खर्च | - | - |
| **जम्मा** | **-** | **-** |

सञ्चालन खर्चसँग प्रत्यक्ष सम्बन्ध नभएका खर्चहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।

# नव सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## कपन, बुढानिलकण्ठ नगरपालिका-१२

### अन्य थप खुलासा

**२३ सम्बन्धित व्यक्तिसँगको कारोवार :**

यस लेखापरीक्षणको अवधिमा देहायका व्यक्तिहरु यस संस्थासँग सम्बन्धित रहेका छन् । संस्थाका सञ्चालक तथा व्यवस्थापकलाई सम्बद्ध व्यक्तिको रूपमा लिइएको छ । आर्थिक वर्ष २०७७/२०७८ मा सम्बद्ध व्यक्तिहरूको विवरण निम्न बमोजिम रहेको छ ।

| क.सं | नाम | पद |
|---|---|---|
| १ | विश्वनाथ अर्याल | सञ्चालक समिति अध्यक्ष |
| २ | रामप्रसाद लुइँटेल | सञ्चालक समिति उपाध्यक्ष |
| ३ | सालिकराम पौडेल | सञ्चालक समिति सचिव |
| ४ | दामोदर सापकोटा | सञ्चालक समिति कोषाध्यक्ष |
| ५ | शारदा भट्टराई शर्मा | सञ्चालक समिति सदस्य |
| ६ | दुर्गा न्यौपाने नेपाल | सञ्चालक समिति सदस्य |
| ७ | विजया लामिछाने | सञ्चालक समिति सदस्य |
| ८ | रामचन्द्र भट्टराई | सञ्चालक समिति सदस्य |
| ९ | प्रदिप रिसाल | सञ्चालक समिति सदस्य |
| १० | अर्जुन अर्याल | व्यवस्थापक |

सम्बद्ध व्यक्तिहरूलाइ गरिएको आर्थिक भुक्तानीको विवरण निम्न बमोजिम रहेको छ ।

| खर्च शीर्षक | रकम (रु.) |
|---|---|
| बैठक भत्ता | १७१,८४४.०० |

मुख्य व्यवस्थापकीय जिम्मेवारी पाएको व्यक्ति प्रमुख कर्मचारीले यस आ.व. मा प्राप्त गरेको तलब भत्ता तथा सुविधाको रकम देहाय बमोजिम रहेको छ ।

| पद | नाम | तलब तथा भत्ता रकम (रु.) |
|---|---|---|
| व्यवस्थापक | अर्जुन अर्याल | रु. ४,२५,८००/- वार्षिक |

**२४ भुक्तानी हुन बाँकी लाभांश**

यस आर्थिक वर्षको अन्त्य सम्ममा गत वर्षहरुको भुक्तानी हुन बाँकी लाभांश रकम रहेको छैन ।

**२५ कर्जा अपलेखन**

यस आर्थिक वर्षमा कुनै पनि कर्जा अपलेखन गरिएको छैन ।

**२६ गैर बैंकिङ्ग सम्पत्ति :**

२०७८ आसार मसान्तसम्म संस्थाले कर्जा असूलीको सिलसिलामा धितो लिलाम विक्री नभई आफैले सकार गर्नु पर्ने अवस्था नआएकोले संस्थाको नाममा गैर बैंकिङ्ग सम्पत्ति रहेको छैन ।

**२७ कोरोना (कोभिड-१९) व्यवस्थापन खर्च**

संस्थाले कोरोना व्यवस्थापनका लागि ह्याण्ड वास, साबुन, मास्क, स्यानिटाईजर, पि.पि.ई, फेस सिल्ड, डिसईन्फेक्टेन्ट केमिकल लगायतमा खर्च गरेको छ ।

**२८ औसत ब्याज दर**

संस्थाको लिने दिने ब्याज दर बीचको औसत फरक (Spread) ५.५१% रहेको छ ।